annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ७४, पृष्ठ ८ | काठमाडौं, सोमबार २९ असार २०८३ | आषाढ कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४६ | MONDAY, JULY 13, 2026 | मूल्य : रु. १०

आवरण समाचार



# मन्त्रीपिच्छे आश्वासनका पोका, सुकुम्बासीलाई छैन भरोसा

ज्यानकै असुरक्षा भएको भन्दै सरकारले नदी किनारका सुकुम्बासीलाई उठाएर कीर्तिपुर होल्डिङ सेन्टरमा राख्यो । तर, शुक्रबार राति त्यहीं बाढी पस्यो, सुकुम्बासीको बिजोग भयो । भएका खाद्यान्न, लत्ताकपडादेखि विद्यार्थीका किताबकापी चुर्लुम्म डुबे । हतार-हतार सरकारले त्यहाँबाट सुकुम्बासीलाई भक्तपुर खरिपाटीमा सारेको छ । तर, त्यहाँ सारिए पनि 'भोलि उडी कहाँ जाने ?' भन्दै सुकुम्बासी निराश छन् । रसाएका आँखामा अनिश्चित भविष्यको चिन्ता कायमै छ ।

**संजीप घिमिरे** | *भक्तपुर*

विस्तृत पृष्ठ २

कीर्तिपुर होल्डिङ सेन्टरबाट भिटीगुन्टासहित भक्तपुर खरिपाटीमा डेरा सर्दै सुकुम्बासी । ● संजीप घिमिरे

## रवि र बालेनबीच ४ घन्टा छलफल, सुकुम्बासीमा समाधानमा जोड



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेबीच आइतबार लामो छलफल भएको छ। हालका राजनीतिक घटनाक्रमदेखि पार्टीको विधान संशोधन, पदाधिकारी, केन्द्रीय मनोनयनसम्मको विषयमा उनीहरूका बीच कुराकानी भएको हो। प्रधानमन्त्री बालेन स्वयम् सभापति लामिछानेलाई भेट्न पुगेका थिए। उनीहरूबीचमा चार घण्टा लामो छलफल भएको छ।

गणेश नेपालीहरूको आत्मदाहदेखि सुकुम्बासीहरूको समस्याले सडकदेखि सदनमै सरकारको तीव्र आलोचना र विरोध भइरहेको छ। यो विषयमा सार्वजनिक रूपमा न प्रधानमन्त्रीको कुनै प्रतिक्रिया आएको छ न पार्टी सभापति रवि लामिछानेकै।

» बाँकी पृष्ठ ५


## गणेश नेपालीका परिवार र सरकारबीच ९ बुँदे सहमति

**अन्नपूर्ण** | *काठमाडौं*

त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि आत्मदाह गरेका मुगुका २५ वर्षीय गणेश नेपालीका परिवार र सरकारबीच ९ बुँदे सहमति भएको छ। आइतबार काठमाडौं जिल्ला प्रशासन कार्यालयमा भएको सहमतिअनुसार घटनाको निष्पक्ष छानबिन गर्नेदेखि पीडित परिवारलाई राहत तथा दीर्घकालीन सहयोगसम्मका विषय समेटिएका छन्।

प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलको उपस्थितिमा सरकार, काठमाडौं महानगरपालिका र पीडित परिवारका प्रतिनिधिबीच भएको सहमतिअनुसार घटनाको सत्यतथ्य पत्ता लगाउन पूर्वन्यायाधीशको संयोजकत्वमा स्वतन्त्र छानबिन समिति गठन गरिनेछ। समितिलाई ७ दिनभित्र सरकारलाई प्रतिवेदन बुझाउने समयसीमा तोकिएको छ।

सहमतिअनुसार छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा नेपालीलाई सहिद घोषणा गर्ने विषयमा आवश्यक निर्णय प्रक्रिया अघि बढाइनेछ। घटनाका दिन फिल्डमा खटिएका काठमाडौं महानगर प्रहरीलाई तत्काल निलम्बन गर्न जिल्ला प्रशासन कार्यालयले महानगरलाई



पत्राचार गर्ने भएको छ। उनीहरूमाथिको थप कारबाही भने छानबिन समितिको प्रतिवेदनका आधारमा हुनेछ।

पीडित परिवारलाई राहतस्वरूप गणेशकी श्रीमतीलाई योग्यता र क्षमताअनुसार काठमाडौं महानगरपालिकामा रोजगारी उपलब्ध गराइने सहमति भएको छ । साथै, मृतककी छोरीको उच्च शिक्षासम्मको सम्पूर्ण खर्च महानगरपालिकाले बेहोर्नेछ। आगामी कार्यपालिका बैठकबाट परिवारलाई उचित राहत रकम उपलब्ध गराउने पनि सहमतिमा उल्लेख छ।

» बाँकी पृष्ठ ५


टिप्पणी

## चीनको रणनीतिक चिन्ता

**कमलदेव भट्टराई**

चीनको रेनमिन विश्वविद्यालयअन्तर्गतको पत्रकारिता तथा सञ्चार विभागको निमन्त्रणामा जुन २२ देखि जुलाई ३ सम्म चीन भ्रमण गर्ने अवसर मिल्यो। भ्रमणका क्रममा बेइजिङ र नानजिङमा विश्वविद्यालयका प्राध्यापक, चिनियाँ विदेश मन्त्रालयका अधिकारी, सञ्चारकर्मी तथा नीतिनिर्माणसँग सम्बन्धित व्यक्तिहरूसँग मिडिया, विकास, कृत्रिम बुद्धिमत्ता (एआई), चिनियाँ शैलीको लोकतन्त्र, चीन-अमेरिका सम्बन्ध तथा चीनको छिमेकी कूटनीतिका विषयमा विस्तृत अन्तरक्रिया भयो। औपचारिक कार्यक्रमसँगै भएका अनौपचारिक संवादहरूले पनि चीनले आफ्नो छिमेकी नीतिलाई कसरी पुनर्परिभाषित गरिरहेको छ भन्ने बुझ्न महत्वपूर्ण आधार प्रदान गरे।

कुराकानीका क्रममा नेपालको नयाँ सरकारप्रति चिनियाँ पक्षको दृष्टिकोण सकारात्मक देखियो। अधिकारी र



छिमेकी मुलुकहरूसँगका सम्बन्ध आधुनिक इतिहासकै सबैभन्दा सुदृढ चरणमा पुगेको चीनको दाबी छ ।

प्राध्यापकहरूले एउटै सन्देश दोहोर्‍याए– चीनले नेपालको आन्तरिक राजनीतिक प्रक्रियामा हस्तक्षेप गर्ने नीति लिँदैन। नेपाली जनताले रोजेको राजनीतिक प्रणाली र विकासको मार्गमा सहयोग गर्न चीन तयार रहेको उनीहरूको भनाइ थियो। नयाँ सरकारसँग मिलेर परम्परागत मित्रतालाई थप सुदृढ बनाउन चीन इच्छुक रहेको उनीहरूले स्पष्ट पारे। उनीहरूले नयाँ सरकारसँग सहकार्य गर्न सकिने क्षेत्रहरूका बारेमा नेपालका मन्त्रीहरूसँग विस्तृतमा प्रस्ताव गरिएको र अब नेपालको तर्फबाट आउने प्रस्तावको प्रतिक्षा गरिरहेको उनीहरूको भनाइ थियो।

यद्यपि, चीनका केही रणनीतिक चिन्ताहरू पनि प्रस्ट देखिए। विशेषगरी नेपालमा चीनका मूल सुरक्षा चासो, खासगरी एक चीन सिद्धान्तसँग सम्बन्धित विषयमा उनीहरू संवेदनशील छन्। सरकारप्रति उनीहरू आशावादी देखिए पनि केही राजनीतिक शक्ति वा समूहबाट चीनविरोधी गतिविधि हुन सक्ने सम्भावनाप्रति उनीहरू सतर्क देखिन्थे। यसै सन्दर्भमा केही साताअघि भएको नेपाली परराष्ट्रमन्त्रीको चीन भ्रमणलाई उनीहरूले सकारात्मक संकेतका रूपमा व्याख्या गरे।

» बाँकी पृष्ठ ५

